**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १७ अप्रेल २०२५

समयः १८:५० - १८:०० बजे

**मुख्य समाचार**

- सर्वोच्च अदालतले वक्फ संशोधन अधिनियम २०२५ अन्तर्गत वक्फ बोर्ड वा केन्द्रीय वक्फ परिषदमा अर्को सुनुवाइ नभएसम्म कुनै पनि नयाँ नियुक्ति नगरिने केन्द्र सरकारको आश्वासनलाई आज रेकर्ड गरेको छ।
- राष्ट्रपति द्रौपदी मुर्मुको दार्जीलिंग भ्रमण कार्यक्रम स्थगित भएको छ।
- रक्षामन्त्री राजनाथ सिंहले सरकारको मुख्य ध्यान रक्षा क्षेत्रको क्षमता अभिवृद्धि गर्नु रहेको बताउनु भएको छ ।
- गोर्खाल्यान्ड क्षेत्रीय प्रशासन अन्तर्गतका सबै होटल, कार्यालय, दोकान तथा अन्य व्यावसायिक स्थलहरूमा नेपाली भाषामा साइन बोर्ड अनिवार्य रूपमा राख्नुपर्ने मागमा आज युवा शक्तिको सभा सम्पन्न भएको छ।
- मिरिक उच्चत्तर माध्यमिक विद्यालयमा आज दुईवटा स्मार्ट क्लासको उद्घाटन गरिएको छ।
- कारकृति किक बक्सिङ संघ कालिम्पोङले खेलाडीहरूलाई उच्च स्तरको प्रशिक्षण प्रदान गर्दै किकबक्सिङ को क्षेत्रमा राज्यदेखि अन्तर्राष्ट्रिय स्तरसम्म उत्कृष्ट प्रदर्शन गरेको छ।

**सर्वोच्च न्यायालय केंद्रीय वक्फ परिषद**

सर्वोच्च अदालतले वक्फ संशोधन अधिनियम २०२५ अन्तर्गत वक्फ बोर्ड वा केन्द्रीय वक्फ परिषदमा अर्को सुनुवाइ नभएसम्म कुनै पनि नयाँ नियुक्ति नगरिने केन्द्र सरकारको आश्वासनलाई आज रेकर्ड गरेको छ। मुख्य न्यायाधीश सञ्जीव खन्नाको अध्यक्षतामा रहेको पीठले न्यायमुर्ति सञ्जय कुमार र केभी **विश्वनाथन** को साथमा सोलिसिटर जनरल तुषार मेहताले **उपयोगकर्ता द्वारा वक्फ** को रूपमा वर्गीकृत वक्फ सम्पत्तिहरूको स्थिति तत्कालका लागि अपरिवर्तित रहने आश्वासन दिनुभयो। सर्वोच्च न्यायलयले वक्फ ऐन, १९९५ मा हालै गरिएको संशोधनको संवैधानिक वैधतालाई चुनौती दिने र रोक को माग गर्दै दर्ता गरिएका याचिकाहरूको समुह माथी सात दिनभित्र जवाफ पेश गर्न केन्द्रलाई निर्देश दिएको छ। याचिकाहरुको संख्या अधिक भएको कारण पीठले पाँच वटा प्रमुख मुद्दाहरुको सुनुवाइका लागि पहिचान गर्न भनेको छ। मामिलाको अधिल्लो सुनवाई 5 मई मा हुनेछ।

****** ० ******

**राष्ट्रपति द्रौपदी मुर्मु-दार्जीलिंग भ्रमण स्थगित**

राष्ट्रपति द्रौपदी मुर्मुको दार्जीलिंग भ्रमण कार्यक्रम स्थगित भएको छ। रास्ट्रपति कार्यालय अनुसार, रास्ट्रपति मुर्मुले आगामी २३ अप्रेल को दिन दार्जीलिंग भ्रमण गर्नुहुने र २४ अप्रेल को दिन साझ सिलगडीमा अन्तर्राष्ट्रिय सन्थाल सम्मेलनलाई सम्बोधन गर्ने कार्यक्रम रहेको थियो। प्राप्त रिपोर्ट अनुसार , रास्ट्रपति मुर्मुको दार्जीलिंग भ्रमण कतिपय अपरिहार्य कारणले गर्दा स्थगित गरिएको बताइएको छ।

****** ० ******

**रक्षामन्त्री राजनाथ सिंह**

रक्षामन्त्री राजनाथ सिंहले भारतको रक्षा क्षेत्र आत्मनिर्भरताको मार्गमा अघि बढिरहेको र वैश्विक आपूर्ति शृङ्खला बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्न पनि तयार रहेको बताउनु भएको छ। नयाँ दिल्लीमा आयोजित डिफेन्स कन्क्लेभ–फोर्स अफ द फ्यूचरको उद्घाटन सत्रलाई सम्बोधन गर्नुहुदै सरकारको मुख्य ध्यान रक्षा क्षेत्रको क्षमता अभिवृद्धि गर्नु रहेको बताउनु भएको छ । उहाले अझ भन्नुभएको छ - 'नरेन्द्र मोदी सरकारले सशस्त्र बलको आधुनिकीकरणसँगै रक्षा क्षेत्रमा आत्मनिर्भरतामा ध्यान केन्द्रित गरेको छ। रक्षा क्षेत्रमा आत्मनिर्भरतालाई थप प्रबर्धन गर्न मन्त्रालयले बर्ष २०२५ लाई सुधारको वर्ष घोषणा गरेको मन्त्री सिंहले बताउनु भएको छ ।

****** ० ******

**उपराष्ट्रपति जगदीप धनखड़ सर्वोच्च न्यायालय - निर्णय**

उपराष्ट्रपति जगदीप धनखड़ले विधेयकमा राष्ट्रपतिलाई निर्णय गर्न सर्वोच्च न्यायालयले हालै समयसीमा निर्धारित गरेकोमा चिन्ता व्यक्त गर्नुभएको छ।उहाले भन्नुभएको छ -'भारतले यस्तो लोकतन्त्रको कल्पना गरेको थिएन, जहाँ न्यायाधीशहरूले कानून बनाउनेछन्, कार्यकारी कार्यहरू गर्नेछन् र सुपर संसदको रूपमा काम गर्नेछन्। श्री धनखड़ले आज नयाँ दिल्लीस्थित उपराष्ट्रपति एन्क्लेभमा राज्यसभाका प्रशिक्षुहरूको छैटौं ब्याचलाई सम्बोधन गर्दै उक्त कुरा बताउनु भएको हो। उहाँले शक्तिको प्रयोग गर्दा अत्यन्त संवेदनशील हुनुपर्ने बताउनु भएको छ । सर्वोच्च न्यायालय ले राष्ट्रपति र राज्यपालहरूलाई विधेयकहरूलाई स्वीकृति दिन समयसीमा तोकेको केही दिनपछि उपराष्ट्रपतिको यो बयान आएको हो।

****** ० ******

**केन्द्रीय मन्त्री डा मनसुख माण्डविया**

केन्द्रीय मन्त्री डा मनसुख माण्डवियाले नयाँ दिल्लीस्थित राष्ट्रिय डोप परीक्षण प्रयोगशालामा विश्वको १७औँ खेलाडी पासपोर्ट प्रबन्धन एकाइको उद्घाटन गर्नुभएको छ । एथलीट पासपोर्ट प्रबन्धन एकाइ एक विशेष इकाई हो जुन एथलीटहरूको जैविक पासपोर्टको निगरानी र प्रबन्धन गर्न, निष्पक्ष खेल सुनिश्चित गर्न र स्वच्छ खेलको अखण्डता कायम राख्न समर्पित छ। यस अवसरमा मन्त्री माण्डवियाले ए.पि.एम.यू डोपिङ विरुद्धको लडाईंमा महत्वपूर्ण उपलब्धि भएको बताउँनुहुदै एथलीट बायोलोजिकल पासपोर्ट (एबीपी) प्रणालीको माध्यमबाट एथलीट्स बायोलोजिकल प्रोफाइलको लम्बाईको ट्र्याकिंग सक्षम भएको बताउनु भएको छ। उहाँले यो नवीन संयन्त्रले डोपिङ प्याटर्न पत्ता लगाउन र अनैतिक अभ्यासको पहिचान गरी खेलको निष्पक्षता को रक्षा गर्न मद्दत गर्ने बताउनु भएको छ।

****** ० ******

**भारतीय जनता पार्टी - नेशनल हेराल्ड**

भाजपाले नेसनल हेराल्ड मामिला भ्रष्टाचार र ठगीको मुद्दा भएको बताएको छ। प्रवर्तन निदेशालय (ईडी) ले वरिष्ठ कांग्रेस नेता सोनिया गान्धी र राहुल गान्धीविरुद्ध आरोपपत्र दर्ता गरेको छ। नयाँ दिल्लीमा आज पत्रकारहरूसँग बातचित गर्नुहुदै पार्टीका वरिष्ठ नेता तथा केन्द्रीय मन्त्री हरदीप सिंह पुरीले एजेन्सीको कारबाहीको विरोध गरेकोमा कांग्रेसको तिब्र आलोचना गर्नुभएको छ। उहाँले प्रवर्तन निदेशालयले यस मामिलामा गरिरहेको जाच नयाँ नभएको र बर्ष २०१२–२०१३ मा भाजपा सत्तामा आउनुभन्दा धैरै अघिदेखि नै यो मुद्दा शुरु भएको बताउनु भएको छ । श्री पुरी अनुसार यस मामिलामा लगभग २ हजार करोड रुपियाँको सम्पत्ति केवल ५० लाख रुपियाँमा अधिग्रहण गरिएको थियो।

****** ० ******

**गोर्खाल्यान्ड क्षेत्रीय प्रशासन -नेपाली भाषा**

गोर्खाल्यान्ड क्षेत्रीय प्रशासन अन्तर्गतका सबै होटेल, कार्यालय, पसल तथा अन्य व्यावसायिक स्थलहरूमा नेपाली भाषामा साइन बोर्ड अनिवार्य रूपमा राख्नुपर्ने माग गर्दै युवा शक्तिको अगुवाइमा एक विशेष सभा आज सम्पन्न भएको छ। भाषा, संस्कृति र पहिचानको संरक्षण तथा सम्बर्धनलाई उद्देश्य बनाएर गरिएको यस पहललाई व्यापक जनसमर्थन प्राप्त भईरहेको छ।दुई चरणमा सम्पन्न भएको उक्त सभाको पहिलो चरणमा युवा शक्तिका पदाधिकारीहरू र दार्जिलिङका व्यवसायीहरूबीच चर्चा परिचर्चा गर्दै उक्त बैठकमा सहभागी व्यवसायीहरू समक्ष युवा शक्तिका पदाधिकारीहरूले एक महिनाभित्र प्रत्येक व्यापारिक तथा सार्वजनिक स्थलहरूमा अनिवार्य रूपमा नेपाली भाषामा साइन बोर्ड राख्नुपर्ने अपिल गरिएको युवा शक्तिका केन्द्रिय अध्यक्ष अमृत

योञ्जनले बताउनु भएको छ I दोस्रो चरणको सभा GTA - का अधिकारीहरूसँग सम्पन्न भयो जसमा , जसमा GTA अध्यक्ष अञ्जुल चौहान, दार्जिलिङ नगरपालिका अध्यक्ष दीपेन ठाकुरी लगायत प्रमुख सरकारी अधिकारीहरूको विशेष उपस्थिति रहेको थियो। सभामा विभिन्न संघसंस्थाहरूका प्रतिनिधिहरूको भाग लिएका थिए। सभामा GTA अध्यक्ष अञ्जुल चौहानले नेपाली भाषाको संरक्षणप्रति प्रशासन प्रतिबद्द रहेको बताउनु भएको छ भने दार्जीलिंग नगरपालिका अध्यक्ष दिपेन ठकुरीले नेपाली भाषामा साइन बोर्ड कार्यान्वयनमा आवश्यक सहयोग र पहल गर्ने बताउनु भएको छ I

**मिरिक – स्मार्ट क्लास**

मिरिक उच्चत्तर माध्यमिक विद्यालयमा आज दुईवटा स्मार्ट क्लासको उद्घाटन गरियो। यस अवसरमा मिरिक महकुमा शासक तेन्जी सिमकी ओगेन प्रमुख रूपमा उपस्थित हुनुहुन्थ्यो । कार्यक्रममा विद्यालय सञ्चालन समितिका अध्यक्ष एवं सभासद मिलेश राई, सञ्चालन समितिका सचिव राजबहादुर राई, डा.टाँशी लामा, विद्यालयका शिक्षक प्रभारी सुवास खाती, अन्य शिक्षक शिक्षिकागण अनि विद्यार्थीवर्गको उपस्थिति रहेको थियो । कार्यक्रमलाई सम्बोधन गर्नुहुदै सभासद एवं विद्यालय सञ्चालन समितिका अध्यक्ष मिलेश राईले मिरिकको गरिमामय विद्यालय मिरिक उच्चत्तर माध्यमिक विद्यालयमा स्मार्ट क्लास सञ्चालन भएकोमा सम्पूर्ण विद्यालय परिवार अनि विद्यार्थीवर्गलाई बधाई दिए। उहाँले विद्यालयमा स्मार्ट क्लास सञ्चालनमा आएपछि पठन पाठनको गुणस्तर अझ बडेर जाने बताउनु भएको छ।

**जोरबंगलो -कृषि बिकास**

सुकेपोखरी खण्ड कृषि कार्यलयको तत्वधानमा आज राँगभांग गोपालधारा ग्राम पन्चांयत अन्तर्गत राँगभांग फरेष्ट बस्तीमा परम्परागत कृषि बिकास योजना अन्तर्गत क्षमता बिकास कार्यक्रम अनि जैविक प्रमाणीकरण एवं आवश्यक जैविक कृषि सरसमान बितरण कार्यक्रम समपन्न भयो। कार्यक्रममा जिल्ला कृषि कार्यलयका डि डि ए एडमिन युनिस लेप्चा, डि डि ऐ डब्लु बि पि पार्थो रोय, लगायत अन्य उपस्थिति थिए I उया अवसरमा राँगभांग क्षेत्रका १३ वटा क्लस्टरका सदस्य कृषकहरूलाई कृषि सम्बन्धि सामग्री बितरण गरियो।

**कालेबुंग -किक बक्सिंग**

कारकृति किक बक्सिङ संघ कालिम्पोङले यस क्षेत्रका प्रतिभाशाली खेलाडीहरूलाई उच्च स्तरको प्रशिक्षण प्रदान गर्दै किकबक्सिङ को क्षेत्रमा फड्को मारिरहेको छ। वाको इन्डियासँगको सहयोगमा, संगठनले कालिम्पोङका खेलाडीहरूको लागि राज्यदेखि अन्तर्राष्ट्रिय स्तरसम्म उत्कृष्ट प्रदर्शन गर्न एक मंच सिर्जना गरेको छ। सेन्सेई युवराज राईको निर्देशनमा अनुष्का तामाङ र रियान्सी राईले हालै ५ अप्रेल देखि १२ अप्रेल सम्म थाइल्याण्डको बैंककमा आयोजित प्रथम थाइल्याण्ड किकबक्सिङ बिश्व कप २०२५ मा भाग लिएका थिए। युवा क्याडेट इभेन्ट (तौल–५५ केजी) मा अनुष्का तामाङले १० मध्ये ९.९ अंक प्राप्त गरेर रजत पदक जितेकी छन् । ११ वर्षीया किकबक्सर रियान्सी राईले पोइन्ट फाइट मार्फत पुरानो क्याडेट इभेन्ट (तौल– ३२ केजी) मा कास्य पदक जितेकी छन्।

**स्पेशल ऑपरेशन ग्रुप (एसओजी)**

विशेष अपरेशन ग्रुप (एसओजी) र मटिगडा पुलिसले संयुक्त अभियानमा ९०८ ग्राम ब्राउन सुगर सहित तीन तस्करलाई पक्राउ गरेको छ ।पुलिसले तीनै जनालाई एनडीपीएस एक्ट अन्तर्गत पक्राउ गरेको छ। आरोपीहरुलाई शनिवार सिलिगुड़ी अदालत मा प्रस्तुत गरिनेछ I